परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक १८ २०८२ मंसिर १४ आईतवार Sunday 30, NOV 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## अपाङ्गता अन्तरनिहित प्रतिभाको खोजी तथा प्रस्फुटन




विराटनगर । ३४ औं अन्तराष्ट्रिय दिवशको अवसरमा अपाङ्गता भएका व्यक्तिहरूमा अन्तरनिहित प्रतिभाको खोजी तथा प्रस्फुटन कार्यक्रम आयोजना हुने भएकोछ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेश, सङ्गीत साधना प्रतिष्ठान, इटहरी, करूणा फाउण्डेसन नेपाल र कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको संयुक्त आयोजनामा मंसिर १७ गते आयोजना हुने कुरा पत्रकार सम्मेलन गरी राष्ट्रिय अपांग महासंघ नेपालका केही प्रदेश अध्यक्ष नविन चन्द्र ढुगेलले जानकारी गराए ।

कोशी प्रदेशको सान, प्रतिभावान अपाङ्गता भएका व्यक्तिको पहिचान, कलाको व्यवसायिकताले बढाउनेछ आय र आत्म सम्मान भन्ने मुल नाराका साथ कार्यक्रम हुनेछ ।

विरेन्द्र सभा गृह, विराट नगरमा हुने उक्त कार्यक्रममा कोशी प्रदेशका ७१ जना प्रतिभावान अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न नौ विधा (कविता वाचन, वक्तृत्वकला, संगीत तथा गायन, अभिनय/क्यारिकेचर, नृत्य, चित्रकला, हस्तकला, नवप्रवर्द्धन) मा प्रतिभा प्रस्तुत गर्नेछन् ।

कार्यक्रममा वुलु मुकारुङ, बसन्त सापकोटा, राजु लामा, मिन बहादुर भाम, बिशाल भण्डारी, निलु थापा, मनुर्मजिल, कृष्ण विनोद लम्साल, महेन्द्र राई, अमिर बंजन, निलम ढुङ्गाना, सोनु जयन्ति, पृतम आचार्य लगायतका राष्ट्रिय कलाकार/ व्यक्तित्वहरूको उपस्थितिले अपाङ्गता भएका प्रतिभावान व्यक्तिहरूको हौसला बढाउनु हुनेछ ।

कार्यक्रममा करिव २७ लाख खर्च लाग्नेछ । जसमा विराटनगर महानगरपालिका, इनरूवा नगरपालिका, बेलबारी नगर पालिका, दुहवी नगरपालिका, भोक्राहानरसिं गाउँपालिका, निक्षेप तथा कर्जा सुरक्षण कोष, एन.टि.भी. इटहरी लगायत संस्थासँगको सहकार्य रहेको छ भने अन्य संघसंस्थासंग समेत सहकार्यका लागि पहल भइरहेको अध्यक्ष ढुगेलले वताए ।

उक्त कार्यक्रममा कोशी प्रदेश सरकारका माननीय सामाजिक विकास मन्त्री पाँचकर्ण राईको प्रमुख आतिथ्यतामा आयोजना हुने कार्यक्रममा माननीय मन्त्री, प्रदेश सभाका माननीय सदस्य, स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष लगायतका जनप्रतिनिधी, अपाङ्गता भएका व्यक्तिहरूको संस्था लगायतका सरोकार वालाहरूको सहभागिता रहनेछ

## प्याब्सनको नेतृत्व सम्मेलन सोल्टी होटल इटहरीमा

विराटनगर । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) कोशी प्रदेशले नेतृत्व सम्मेलन सोल्टी होटल ईटहरीमा गर्ने भएकोछ ।

नेपाल पत्रकार महासंघ मोरङको सभाहलमा पत्रकार सम्मेलन गरी मंसिर २६ गते सो सम्मेल गर्ने निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) कोशी प्रदेशका अध्यक्ष एवम् शैक्षिक सम्मेलन संयोजक सुमित थापाले जानकारी गराए ।

बदलिँदो शैक्षिक परिवेशमा विद्यालय नेतृत्वलाई दिगो, व्यवसायिक, समावेशी र भविष्यमुखी बनाउँदै विद्यालयलाई सुरक्षित, सिकाइ-मैत्री र रूपान्तरणमुखी बनाउन सहयोग पुर्‍याउने उद्देश्यका साथ यो सम्मेलन आयोजना गर्न लागिएको संयोजक थापाको भनाइछ ।

सम्मेलनमा विद्यालय सुधार, डिजिटल रुपान्तरण, शिक्षक क्षमता विकास, विद्यालय नेतृत्व विकास, अभिभावक-समुदाय साझेदारी, बालसुरक्षा तथा विद्यार्थीको सामाजिक-भावनात्मक विकासजस्ता समसामयिक र आवश्यक विषयहरूमा गहन छलफल तथा प्रशिक्षण सत्रहरू सञ्चालन गरिनेछ ।

प्रशिक्षण सत्रमा प्रशिक्षक तथा वक्ताहरूमा कुमार थापा, अञ्जु भट्टराई, आयुष्मा रेग्मी र तनुश्री सिंह सहभागी हुनेछ।

सम्मेलनले कोशी प्रदेशमा विद्यालय नेतृत्व विकास, शिक्षकको व्यावसायिक वृद्धि, डिजिटल रूपान्तरण, अभिभावक समुदाय सहकार्य तथा विद्यार्थीको समग्र विकासमा सकारात्मक र दीर्घकालीन प्रभाव पार्ने विश्वास आयोजकले लिएकोछ गरेको छ ।

उक्त सम्मेलनमा करीब ४५ लाख खर्च हुनेछ भने कोशी प्रदेशको १४ जिल्लाबाट करीब ३ सय जना विद्यालयका शिक्षक तथा व्यवस्थापकहरूको सहभागीता रहनेछ ।

## प्रहरी कार्यालयमा तोडफोड गर्ने ५ पक्राउ

सुनसरी । जेन्जी आन्दोलनको क्रममा भदौ २४ गते सुनसरीको इलाका प्रहरी कार्यालय इटहरीको भवन र सवारी साधन तोडफोड, आगजनी, लुटपाट तथा सुरक्षामा खटिएका प्रहरी कर्मचारीहरुलाई दुर्व्यवहार गर्ने ५ जनालाई जिल्ला प्रहरी कार्यालय सुनसरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुनसरी इटहरी उप-महानगरपालिका-३ का २९ बर्षीय विजय लिम्बु, इटहरी-५ का ४४ बर्षीय दिपेन्द्र कुमार कार्की, इटहरी-८ का २४ बर्षीय आभाष कार्की, इटहरी-४ का २४ बर्षीय सोनम कार्की र भोजपुर याङपाङ्ग घर भई इटहरी-४ स्थितमा बस्दै आएका ४७ बर्षीय मदन खत्री रहेका छन ।

घटनामा संलग्न व्यक्तिहरूलाई पहिचान तथा खोजतलास गर्ने क्रममा प्राप्त फोटो, भिडियो सिसिटिभी फुटेज र सामाजिक सञ्जालमा फैलिएका फोटो तथा भिडियोका आधारमा पहिचान गरी पक्राउ गरिएकोछ । पक्राउ परेका उनिहरुको अपराधिक उपद्रव गर्न नहुने कसुरमा सम्मानित सुनसरी जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भईरहेको छ ।

घटनामा संलग्न रहेका अन्य व्यक्तिहरुको खोजतलास भईरहेको हुँदा आगजनी तोडफोड र प्रहरीको हातहतियार लुटपाटका घटनामा संलग्न व्यक्तिहरुको फोटो तथा भिडियोहरु फेला परेमा तथा प्रहरीको हातहतियार लुकाई छिपाई राखेको भन्ने बुझिएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराई अनुसन्धान कार्यमा सहयोग गरी दिन हुन सम्पूर्ण महानुभावहरुमा कोशी प्रदेश प्रहरी अनुरोध गरेकोछ ।

साथै त्यस्ता सुचना उपलब्ध गराउनु हुने महानुभावहरुको नाम गोप्य राखिने समेत प्रतिवद्धता जनाएकोछ ।


## लागुऔषध सहित ११ पक्राउ

विराटनगर । झापा, मोरङ र सुनसरी जिल्लाको बिभिन्न स्थानहरुबाट लागू औषध ब्राउन सुगर सहित ११ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंसिर १० गते इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा दमक-१ का कुमार गौतम र मोरङ उर्लाबारी-८ की ललिता धिमाललाई ८ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो । सोहि दिन वडा प्रहरी कार्यालय भद्रपुरले भद्रपुर-५ स्थिबाट भारत मध्येपुरका नरेश पासवानलाई ६ ग्राम ५४० मिलिग्राम ब्राउन सुगर सहित, प्रहरी चौकी बिर्ताबजारले बिर्तामोड-३ का प्रफुल्ल राजवंशीलाई ४ ग्राम सहित र अस्थायी प्रहरी पोष्ट बसपार्कले अर्जुनधारा- १ का प्रदिप घिमिरे र मेचिनगर-१५ का युवराज लिम्बुलाई ७९० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी सुनसरीको दुहबी-१० स्थितबाट १० ग्राम ६२ मिलिग्राम ब्राउन सुगर सहित भारतीय नागरिक मो. हैदर मिया, सिन्टु कुमार पासवान, सुमित कुमार पासवान र गौरव झालाई इलाका प्रहरी कार्यालय दुहबीले पक्राउ गरेको थियो । मोरङको इलाका प्रहरी कार्यालय रानी (सिमा), लागू औषध नियन्त्रण ब्युरो विराटनगरको टोलीले धरान-६ का कर्ण बहादुर भण्डारीलाई ०.४३ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

पक्राउ परेकाहरुको थप अनुसन्धान भईरहेको छ ।



# गाँजाको बोट तथा विरुवा फडानी गरी नष्ट



विराटनगर । भोजपुर र धनकुटा जिल्लाका बिभिन्न स्थानका डाँडा पाखामा प्राकृतिक रुपमा आफै उम्रिएका तथा लगाएका गाँजाको बोट तथा बिरुवाहरु प्रहरीले फडानी गरी नष्ट गरेको छ ।

मंसिर १२ गते जिल्ला प्रहरी कार्यालय भोजपुर र इलाका प्रहरी कार्यालय घोडेटार, बोयाङ र अस्थायी प्रहरी चौकी दुम्मानाबाट खटिएको प्रहरी टोलीले हतुवागडी र आमचोक गाउँपालिकाका बिभिन्न स्थानका करिव ७० रोपनी क्षेत्रफलमा रहेका ७ हजार ४ सय ५० वटा गाँजाको बोट तथा बिरुवाहरु फडानी गरि नष्ट गरेको छ ।

त्यसैगरी धनकुटाको इलाका प्रहरी कार्यालय छिन्ताङ र राजानरीबाट खटिएको प्रहरी टोलीले सहिदभुमी र चौबिसे गाँउपालिकाका डाँडापाखामा करिव ६.५ रोपनी क्षेत्रफलमा रहेको १ हजार १ सय ५० वटा गाँजाको बोट तथा बिरुवाहरु फडानी गरेर नष्ट गरेको छ ।

# एमाले महाधिवेशन : मोरंङबाट ८ जना सर्वसम्मत, संविधानसभा सदस्य नगरप्रमुखहरू सहित ४८ जनाद्धारा उम्मेदवारी फिर्ता




विराटनगर । नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशन प्रतिनिधिका लागि मोरङबाट ८ जना सर्वसम्मत निर्वाचित भएका छन् । संविधानसभा सदस्य, नगरप्रमुखहरु सहित गरि ४८ जनाले उम्मेदवारी फिर्ता लिएका छन् ।

प्रतिनिधिसभाका ६ र एक दलित गरि ७ वटा निर्वाचन क्षेत्रका ४६ जना प्रतिनिधिका लागि मंसिर ८ गते १४५ जनाले उम्मेदवारी दर्ता गराएका थिए ।

मोरङ क्षेत्र नं. ५ बाट ज्ञानेश्वर राजवंशी, मनोज अग्रवाल, दिलिप बगडिया, उषा झा, शान्ता डंगोल र मो. हमिद आजाद सर्वसम्मत निर्वाचित भएका छन् । सर्वसम्मत प्रतिनिधि निर्वाचित गर्नका लागि ८ जनाले उम्मेदवारी फिर्ता लिएका थिए । क्षेत्र नं. २ को महिला प्रतिनिधिमा रामजना अधिकारी र गीतादेवी बानियाँ कार्की सर्वसम्मत निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ । महिला प्रतिनिधि सर्वसम्मत बनाउन ४ जनाले उम्मेदवारी फिर्ता लिएका थिए ।

क्षेत्र नं. १ बाट संविधानसभा सदस्य पर्तमान धिमाल सहित ६ जनाले उम्मेवारी फिर्ता लिएका छन् । उम्मेदवारको अन्तिम नामावली प्रकाशन पछि धिमालले विज्ञप्ती मार्फत उम्मेदवारी फिर्ताका घोषणा गर्नु भएको थियो । सो क्षेत्रबाट खुल्ला सुरेन्द्रकुमार शेर्मा, योगराज लिम्वु, डिल्लीप्रसाद खतिवडा, हिरा श्रेष्ठ र भीमबहादुर कार्कीले फिर्ता लिएका थिए ।

क्षेत्र नं. २ बाट ६ जनाले फिर्ता लिएका छन् । फिर्ता लिनेमा विष्णु पोखरेल, नुरसदी बेगम, मीराकुमारी दास, भूमिका दुलाल, सरोजकुमारी झा, बमलाल खवासले उम्मेदवारी फिर्ता लिएका थिए । ३ बाट दुई नगरप्रमुख र एक पूर्व नगरप्रमुख सहित १५ जनाले उम्मेदवारी फिर्ता लिएका छन् । फिर्ता लिनेमा बेलबारीका नगरप्रमुख दिलप्रसाद राई, सुन्दरहरैचाका नगर प्रमुख केदारप्रसाद गुरागाइँ र पथरीशनिश्चरेका पूर्व नगरप्रमुख दिलिपकुमार राइ छन् ।

उम्मेदवारी फिर्ता खुल्लाबाट सन्तोष बान्तवा, सुरेन्द्रबहादुर थापा, भोजराज श्रेष्ठ, रविन थापा, बाबुराम येङदेन, अम्बरबहादुर गुरुङ, चन्द्र नेउपाने, प्रकाश राई महिला तर्फबाट अञ्जु सिग्देल र यूवा तर्फबाट नविन पौडेल, विजय डाँगी, ई.प्रदिप नेपाल रहेका छन् ।

मोरङ ४ बाट ४ जनाले उम्मेदवारी फिर्ता लिएका छन् । फिर्ता लिनेमा विज्ञान चापागाई, तिर्था आचार्य, निरञ्जन ढुगांना र अर्जुन गिरी छन् । क्षेत्र नं. ५ बाट ८ जनाले फिर्ता लिएपछि सर्वसम्मत गरिएको थियो । फिर्ता लिनेमा सुरजकुमार राजवंशी, विक्रम तिवारी, अजिम आलम, जयनरथ गिरी (कृष्ण), डिल्लीराम घिमिरे, पुनम कोइराला, कमला श्रेष्ठ र मजहर आलम छन् । क्षेत्र नं. ६ बाट ९ जनाले उम्मेदवारी फिर्ता लिएका छन् ।

फिर्ता लिनेमा यूवराज बराल, गिरेन्द्र कार्की, भोला बराल, चेतकुमारी वस्नेत, प्रतिक ढकाल, नविन पहाडी, पुजा लम्साल थापा, सागर बराल र किरण लामाले उम्मेदवारी फिर्ता लिएको निर्वाचन समितिले जनाएको छ । ३ महाधिवेशन प्रतिनिधिका लागि दलित निर्वाचन क्षेत्र अन्तरगत १० जनाले मनोनयन दर्ता गराएका थिए । कुनैपनि उम्मेदवारले फिर्ता नलिएको निर्वाचन समितिले जनाएको छ ।

मोरङमा ४६ महाधिवेशन प्रतिनिधिहरु मध्ये ८ जना सर्वसम्मत भएकाले शनिबार ३८ प्रतिनिधिका लागि ८९ जनावीच प्रतिष्पर्धा हुँदैछ । आगामी मंसिर २७-२९ सम्म हुने महाधिवेशनका लागि भोलि शनिबार देशभर एकै दिन महाधिवेशन प्रतिनिधि चयन हुँदैछन् । अरुण खबरबाट


## महिला हिंसा अन्त्य गरौं

- महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
- महिला माथि शारिरीक, मानसिक, आर्थिक र सामाजिक रूपमा हिंसा हुन सक्छ,
- कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
- हिंसामा परे तत्काल कानुनी सहायता लिऔं,
- कानुनी सहायता र सहयोगका लागि महिला हेल्पलाईन (११४५) मा सम्पर्क गरौं,
- घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौ,
- हिंसा मुक्त घर तथा समाज निर्माणमा जिम्मेवार हौऔं,
- महिला हिंसा विरूद्ध शून्य सहनशीलता अपनाऔं,

**महिला हिंसा विरूद्धको १६ दिने अभियान सफल पारौं ।**

नेपाल सरकार, विज्ञापन बोर्ड



## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।



## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### शिक्षा र स्वास्थ्यमा समान पहुँच

समृद्ध समाजको मूल आधार शिक्षा र स्वास्थ्य नै भएकोले यी दुई क्षेत्रमा सबैको समान पहुँच पुऱ्याउन पर्छ। यहि दुई क्षेत्रले राष्ट्रको सामाजिक-आर्थिक विकासलाई गति दिन्छ। तर नेपालजस्ता विकासोन्मुख मुलुकमा अझै पनि शिक्षा र स्वास्थ्यमा समान पहुँच सुनिश्चित गर्न चुनौतीहरू बाक्लै छन्। शहर र गाउँबीचको असमानता, सार्वजनिक क्षेत्रको सीमित क्षमता, आर्थिक अभाव, र नीति कार्यान्वयनको कमजोरीले आम नागरिक अझै पनि आफ्नो आधारभूत अधिकारबाट पूर्ण लाभ लिन सकेका छैनन्। पहिलो कुरा, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा समान पहुँच अझै पनि देशभर सन्तुलित छैन।

विद्यालय भवनदेखि शिक्षकको व्यवस्थापन, सिकाइ सामग्री, डिजिटल पहुँच, र शिक्षण-सीखनको वातावरण ग्रामीण क्षेत्रले अझै पनि न्यूनै पाउँछ। धनी र गरिबबीचको शैक्षिक अन्तर यति ठूलो छ कि अवसरको असमानताले भविष्यको करियर र जीवनस्तरमै गहिरो प्रभाव पारिरहेको छ। राज्यले अनिवार्य शिक्षालाई अधिकारका रूपमा सम्बोधन गरे पनि व्यवहारमा धेरै बालबालिका अझै पूर्ण रूपमा विद्यालयमा समावेश हुन सकेका छैनन्। त्यस्तै, स्वास्थ्य सेवा पहुँचमा पनि गहिरो विषमता देखिन्छ। दुर्गमका स्वास्थ्यचौकीहरू औषधि, उपकरण, जनशक्ति र एम्बुलेन्सजस्ता आधारभूत सेवामा कमजोर छन्।

निजी क्षेत्रका अस्पतालहरूमा सेवा महँगो र सर्वसाधारणको पहुँचभन्दा बाहिर छ। गर्भवती र नवजात शिशु स्वास्थ्य, दीर्घरोग उपचार, मानसिक स्वास्थ्यजस्ता क्षेत्रमा अझ बढी समस्याहरू देखिन्छन्। स्वास्थ्य बीमा कार्यक्रम विस्तार भए पनि यसको प्रभावकारी कार्यान्वयन र सेवाको गुणस्तर अझै प्रश्नमा छ। शिक्षा र स्वास्थ्यमा समान पहुँच सुनिश्चित गर्नु कुनै दया होइन, संविधानद्वारा प्रत्याभूत नागरिक अधिकार हो। यसलाई व्यवहारिक बनाउन ठोस कदम चालियो भने मात्र समावेशी, सक्षम र समानतामूलक समाज निर्माणको बाटो प्रशस्त हुनेछ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी बढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को**, ह) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# नेता नेता जस्ता भएनन्-दल दल जस्तो भएन !

बलराम केसी (पूर्वन्यायाधीश)

२०४६ सालको आन्दोलनले पूर्ण प्रजातन्त्र स्थापित गऱ्यो। तत्कालीन अवस्थाका तीन शक्तिहरू राजा, कांग्रेस र एमाले मिलेर पूर्ण प्रजातान्त्रिक संविधान बन्यो।

अब कानुनी शासन मजबुत होला, भ्रष्टाचार नहोला भन्ने आश थियो। तर नेताहरूले संविधानलाई सुशासन, संविधानवाद र विकासमा प्रयोग गरेनन्। प्रजातन्त्र र संविधान भ्रष्टाचार गर्न र सिंहदरबार कब्जा गर्नमा प्रयोग गरे। त्यतिमा सीमित रहेन, भ्रष्टाचार संस्थागत गरे। सरकारी निकायमा हस्तक्षेप गरेर आफ्ना मान्छे भर्ती केन्द्र बनाए।

भ्रष्टाचारले छोटो समयमै नेताहरूलाई जनताले 'जुन जोगी आए पनि कान चिरूवा' हुँदो रहेछ भन्ने प्रभाव पाऱ्यो। त्यही बेला माओवादीको उदय भयो। केही हदसम्म अब चीनको जस्तो भ्रष्टाचार नियन्त्रण र आर्थिक विकास होला भन्ने आश लाग्यो। माओवादीले राजनीतिक प्रजातन्त्र नदिए पनि चीनबाट सिकेर भ्रष्टाचारीलाई जेल हाल्ला र आर्थिक विकासमा डङ-सिआओ-पिङले जस्तो आर्थिक विकास गर्ला भन्ने लागेको थियो।

तर माओवादीका दुई रूप देखिए। मूलधार राजनीतिमा प्रवेश गरेर सिंहदरबार कब्जा नगरून्जेल 'साधु बिरालो' झैं देखियो। सिंहदरबार प्रवेश गरेर सत्ताको चास्नीमा डुबेपछि 'अरूले भ्रष्टाचार गर्न हुन्छ भने, हामीले किन नहुने' भन्ने सोच र व्यवहार देखियो।

कांग्रेस, एमाले दुई दलका नेताको मुखमा प्रजातन्त्र भए पनि आचरणमा प्रजातान्त्रिक संस्कार देखिएन। संस्कार प्रजातान्त्रिक नभएर होला विरोध गर्न जान्ने, बनाउन नजान्ने देखियो। संविधानलाई उनीहरूले आ-आफ्नो दलको विधानसरह ठाने। संविधान उल्लंघन र विधान उल्लंघनमा केही फरक ठानेनन्। संविधान उल्लंघनलाई चातुर्य ठाने तर संविधानवादले संविधान उल्लंघनलाई असभ्य र जंगलीपन ठान्छ भन्ने बुझेनन्।

संसदीय व्यवस्थाको स्रोत बेलायत हो। बेलायतमा हाम्रो जस्तो चार अक्षरको 'सं-वि-धा-न' छैन। सन् १२१५ को 'म्याग्नाकार्टा' देखि १७०१ को 'एक्ट अफ सेटलमेन्ट' हुँदै 'कमन ल' लगायत विभिन्न मितिका कानुनी दस्तावेज नै बेलायतको संविधान हो। बेलायती जनताले 'खै हाम्रो संविधान' भनेर खोजी गरेनन्।

संसदीय व्यवस्थाको अर्को देश जापान हो। जापानको संविधान लेखनमा जापानी नागरिकको कुनै भूमिका छैन। दोस्रो विश्व युद्धपछिको अमेरिकी सेनाको कमान्डर डगलस म्याकआर्थरले लेखेर दिएको दस्ताबेज नै जापानको संविधान हो। जापानी नागरिकको स्वभाव शान्त र 'वर्कहोलिक' हुन्छ। भ्रष्टाचार गर्न जान्दैनन्। जापानी नागरिकले अमेरिकाले बनाएको संविधान हामी किन मान्ने भनेका छैनन्।

अर्को उदाहरण फरक व्यवस्थाको अमेरिकालाई लिनुहोस्।

विश्वमै सबभन्दा छोटो, सानो र पुरानो लिखित संविधान अमेरिकाको हो। पचास स्वतन्त्र राष्ट्र मिलेर संयुक्त राज्य अमेरिका बनेको छ। पछि मिल्न आएका ३७ राज्यको संविधान लेखनमा कुनै हात थिएन। तर पनि २५० वर्ष अगाडिको संविधान पुरानो भयो, फेर्नुपऱ्यो भनेका छैनन्।

संविधानको 'स' पनि उल्लंघन नहुने उल्लेख गरिएका राष्ट्र हुन् यी। यी विकसित प्रजातान्त्रिक राष्ट्रको संविधान टिक्नमा नेताहरूको पनि ठूलो भूमिका छ। नेताहरूले भ्रष्टाचार गरेनन्, पदको लोभमा परेनन्, झुटो बोलेर जनता झुक्याएनन् र देशलाई धोका दिएनन्। पैसा कमाउन र आफ्नो मान्छे भर्ती केन्द्र बनाउन प्रधानमन्त्री वा राष्ट्रपति वा मन्त्री बनेनन्। पद बहालीअघि लिइने शपथलाई आफ्नो धर्मको ग्रन्थ माने।

पहिलो अवधिमा काम गर्न सकेनन्, जनता खुसी भएनन्, विरोध भयो, अलोकप्रिय भए भने अब पदमा बस्नु भनेको जनतालाई धोका दिनु हो भन्ने उनीहरूले राम्ररी बुझे। राजीनामा दिनु कर्तव्य र धर्म ठाने। एक पटक असफल हुनासाथ जनतालाई ढाँटेर, झुक्क्याएर, भोट खरिद गरेर पुनः पदमा बसेनन्। पदलाई जनताको नासो ठाने।

यिनै कारण शताब्दीऔं अगाडिका बेलायती जनता, २५० वर्ष अगाडिका अमेरिकी र दोस्रो विश्व युद्धपछिका जापानीले कहिल्यै पनि संविधान र राजनीतिक व्यवस्थालाई दोष दिएनन्।

हाम्रोमा पनि यी तीन वटै देशको अनुभव र राम्रा कुरा लिएर बनाइएको संविधान राम्रो छ। तर हाम्रा अधिकांश नेताहरूमा ती देशका नेताहरूको जस्तो इमानदारिता र समझदारी देखिएको छैन। हाम्रा दलहरूले संविधानलाई 'बाँदरको हातमा नरिवल' बनाएका छन्। सरकारमा हुँदा भ्रष्टाचार गर्ने र आर्थिक विकास नगर्ने, अनि विपक्षी हुँदा संसद अवरोध मात्र गर्ने प्रवृत्ति देखियो।

नभए, २०४७ सालको संविधान अनुसारको संसदीय व्यवस्थामा देश चलाउन कुनै कमी थिएन। देशले आर्थिक विकास गर्थ्यो, स्थायित्व हुने थियो। भ्रष्टाचार हुने थिएन। केही कमी भए संशोधन गरेर मिलाउन सकिन्थ्यो। वर्तमान संविधान पनि संघीयता बाहेक मन्त्रिपरिषद संसदप्रति उत्तरदायी हुने संसदीय व्यवस्था नै हो।

नेताहरूमा 'भिजन' र इमानदारिता भएको भए प्रत्यक्ष निर्वाचित कार्यकारी चाहियो भन्ने थिएनन्। देश चलाउन सकिएन, ढंग पुगेन भन्ने स्वीकार गरेर नयाँ पुस्तालाई हस्तान्तरण गर्थे र राजनीतिबाट विश्राम लिन्थे। तर हाम्रा ठूला दलका नेताले आफूलाई ठिक, बुद्धिमान, विद्वान, चतुर मात्र ठाने। आफ्नो असफलता कहिल्यै स्वीकार गरेनन्। न भ्रष्टाचारी, स्वार्थी र अक्षमताको आरोप कहिल्यै स्वीकार गरे। अझै 'म लोकप्रिय छु' भन्ने घमण्ड र अहंकार नेताहरूमा छ।

जेनजीको आन्दोलनले भने यी नेताहरूको 'लोकप्रियता' उदांगो पारेको छ। केही दिनअघि भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित दोभालले नेपाल सरकारलाई बंगलादेश र श्रीलंकासँग तुलना गर्दै राज्य सञ्चालन असफल हुनुको कारण जेनजीको उदय हो भने।

यति हुँदा पनि हाम्रा नेतामा चेत आएको देखिँदैन। पाए अझै प्रधानमन्त्री बन्ने दौडमा छन्।

भदौ २३ र २४ को घटना २०४७ सालदेखि थुप्रिएर बसेको भ्रष्टाचार, लुट र ठूला दलको मनपरीको आक्रोश र विस्फोट हो।

जनताले गरेको 'अब केही हुन्छ कि' भन्ने आश, भरोसा र विश्वासमाथि धोका भयो। सुधार र आर्थिक विकास भएन। भ्रष्टाचार, अराजकता, दण्डहीनता बढ्यो। रोजगारी सिर्जना, निर्यात बढेन। औद्योगिक विकास भएन। बरू बिना योजना र प्रयोग नहुने भ्यूटावर जस्ता संरचना बनाइयो। जनताले प्रत्यक्ष लाभ पाउने अधिकांश विकास आयोजना र संरचनाको शिलान्यास र उद्घाटन मात्र गरियो। कति योजना अलपत्र पारियो।

संसदले पनि 'रेलिभेन्सी' गुमाइसकेको थियो।

संसदीय व्यवस्थामा संसदको आयु सामान्यतया ५ वर्ष हो। यो भनेको सार्वभौमसत्ता सम्पन्न जनताले चुनेर ५ वर्ष संसदमा बस्न आफ्नो सार्वभौमसत्ता उनीहरूमा सारेको हो। सरकारले हाम्रो सार्वभौमसत्ता प्रयोग गर्न

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

| दमकल | अस्पताल | प्रहरी |
|---|---|---|
| बिराटनगर बारुणयन्त्र ४२०००० | कोशी अ.अ.इमरजेन्सी ५२४२३४ | पूर्वाञ्चल क्षे.प्र.कार्यालय |
| इटहरी बारुणयन्त्र ५८०१०१ | रंगेली अस्पताल ५८००४८ | ०२१-४३५००१ |
| धरान बारुणयन्त्र ५२०१९९ | आँखा अस्पताल ५२३७०६ | जिल्ला प्रहरी कार्यालय |
| इनरुवा बारुणयन्त्र ५६०१०१ | सुरक्षा अस्पताल प्रा.लि. | ५३०३५८, ५२३९०१,१०० |
| दमक बारुणयन्त्र ०२३-५८०१०१ | ०२१-५३६९४१, ५२२८७७ | नगर प्र.का.. बिराटनगर |
| **एम्बुलेन्स सेवा** | एम्बुलेन्स ९८०२७५३७१७, | ५२१८५०, ५३०३६७, ११०, |
| जिविस मोरङ ५३६३५३ | | इ.प्र.का. रंगेली |
| नेरेसो रंगेली ५८००४८ | | ८०१००८०१३० |
| | | इ.प्र.का. उर्लाबारी |
| | | ०२१-५४०००२ |
| | | सिमा प्रहरी चौकी |

क्राईम अपरेशन

# जनकपुरधाममा रामसीताको विवाह र विवाह पञ्चमीको इतिहास

**श्याम सुन्दर सुतिहार**

जनकपुरधाम । मधेश प्रदेशको जनकपुरधाममा राम सिताको भव्यतका साथ विवाह सम्पन्न भएको छ । "आजु मिथिला नगरिया निहाल सखिया, चारों दुलहा में बड़का कमाल सखिया" लागायतको लोकभाकाको गीतहरुले जनकपुर क्षेत्र गुन्जमान भएको थियो । विवाहपञ्चमी अवधीभर यस्ता संगीतले जनकपुरका वरिपरि संगितमै हुने गर्दछ । साता विवाहपञ्चमी महोत्सवको मुख्य दिन जानकी मन्दिरमा रामसीताको विवाह हुन्छ ।

त्रेतायुगमा भगवान राम र सीताको विवाह भएको सम्झानामा जनकपुरधाममा मंसिर शुक्ल पञ्चमीका दिन विवाहपञ्चमी महोत्सव मनाइन्छ । साधुसन्तको अगुवाइमा झाँकी किर्तनसहित राम मन्दिरबाट भगवान रामको डोला र जानकी मन्दिरबाट जानकीको डोला निस्केर ऐतिहासिक बाह्रविघा रंगभूमि मैदान पुगेर स्वयम्वर गर्ने परम्परा रहेको छ

ढोल पिपही, सहनाई, बैण्ड बजा र पञ्चेबाजासहित निस्किने दुबै डोला वाह्रविघा मैदानमा मिलन भएपछि वैदिक परम्परा अनुसार मालाफेर गरी राम र जानकीको स्वयम्वर गर्ने प्रचलन छ । डोलाको दर्शन र रामसीताको सोयमम्बर हेर्न बाह्रविघा मैदानमा हजारौँको संख्यामा दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ । स्वयम्भरपछि जानकी मन्दिरमा विवाह हुन्छ ।

जनकपुरधाममा सप्ताह व्यापीरूपमा विवाह पञ्चमी मनाउने गर्दछन् । जसमो मटकोर, तिलकोत्सव, नगर दर्शन, फूलबारी लीला तथा धनुष यज्ञ गरिन्छ ।

नेपालकी राजकुमारी सीता र भारतको अयोध्याका राजकुमार राम बीच त्रेता युगमा भएको उक्त विवाह नेपाल-भारतबीचको सांस्कृतिक सेतुको पर्याय बनेको छ । त्यती बेला देखि नै नेपाल र भारत बीच रोटी बेटीको सम्बन्ध रहेको अर्थ्याइन्छ । यस सम्बन्धको साक्षी बन्न प्रत्येक वर्ष विवाहपञ्चमी महोत्सवमा सहभागी हुन लाखौं भारतीय तथा तेश्रो मुलुकमा पर्यटक जनकपुर आउने गरेका छन् ।

राम सीताको विवाहको अवसरमा आउने पाहुनाहरूको स्वागत सत्कारका लागि सम्पूर्ण जनकपुरवासीहरू निकै खटेमन अुज्छन । 'पाँच सय वर्ष पुरानो परम्परालाई निरन्तरता दिदै आएका छन् । पहिले अयोध्याबाट जन्ती



ल्याउने चलन थिएन । अयोध्याबाट अनौपचारिक रूपमा आउनेहरूलाई जनकपुरवासीले जन्ती मानेर स्वागत गर्थे ।

२०६१ सालदेखि अयोध्याबाट विधिवत् जन्ती ल्याउन परम्परा थालिएको थियो । अयोध्याबाट जन्ती ल्याउनका लागि दुई देशका सरकार र तत्कालीन विश्व हिन्दु परिषद्का अशोक सिंघलले पहल गरेको थियो । पहिलो पटक चार-पाँच सय जन्ती गाडीमा आएका थिए । रामायणमा जुन बाटोबाट जन्ती आएको उल्लेख थियो, त्यही बाटो भएर जनकपुर जन्ती आएका थिए । त्यसयता हरेक पाँच वर्षमा औपचारिक रूपमा जन्ती ल्याउने गरिएको छ ।

विवाहपञ्चमीको अवसरमा मधेस प्रदेशमा सार्वजनिक बिदा दिइएको छ । प्रदेश सरकारले महामहोत्सवको रुपमा मनाउन विवाहपञ्चमीको लागि बिदा दिने निर्णय गरेका छन् ।

साता व्यापी यस महोत्सव

पहिलो दिन नगर दर्शन : त्रेता युगमा भगवान् राम आफ्ना भाइहरूका साथ जनकपुर आउँदा नगर क्षेत्रको अवलोकन गरेका थिए । रामायणमा उल्लेखित सोही क्षणहरूको स्मरण गर्दै विवाहपञ्चमी महोत्सवको पहिलो दिन नगरदर्शन झाँकी को आयोजना गर्ने गरिन्छ । जसमा राम, लक्ष्मण र उनका भाइहरूको प्रतीक स्वरूप स-साना बालबालिका लाई सजाएर नगरमा घुमाउने गरिन्छ ।

महोत्सवको दोस्रो दिन : भगवान् राम जनकपुरमा घुम्ने क्रममा पुष्प वाटिकामा छिरेका थिए, जहाँ सीता पनि आफ्नी बहिनी र साथीहरूसँग घुम्न निस्केकी थिइन् । राम र सीताको पहिलो भेट सोही वाटिकामा भएको स्मरणमा फूलबारी लीला मनाउने गरिन्छ ।

महोत्सवको तेस्रो दिन : सीताको विवाहका लागि बुवा जनकले सर्त राखेका थिए । उनले भगवान् शिवको धनुष जसले उचालेर त्यसमा प्रत्यन्चा चढाउन सक्छ, उसैसँग छोरी सीताको विवाह गरिदिने सर्त राखेका थिए । उक्त सर्तसहित जनकले धनुष यज्ञको आयोजना गरे । सो यज्ञमा ठूलठूला पराक्रमी राजा, महाराजा र वीर पुरुषहरू सहभागी भए । तर, कसैले पनि जनकको सर्त पूरा गर्न सकेनन् ।

शिवको धनुष उचाल्न त परै जाओस्, हल्लाउन पनि सकेनन् । तर, रामले भने सहजै धनुषलाई उचाले र भाँचिदिए । जनकको सर्त पूरा गरेपछि सीताको पतिका रूपमा चुनिए राम । सोही प्रसंगलाई जीवन्त बनाउन धनुष यज्ञको आयोजना गर्ने गरिन्छ ।

महोत्सवको चौथो दिन तिलकोत्सव : रामले स्वयंम्बरको सर्त पूरा गरेपछि राजा जनक र अयोध्याका राजा दशरथबीच छोराछोरीको विवाहको मिति तय गर्न भेटघाट गरिन्छ । जसलाई तिलकोत्सव समारोह भनिन्छ ।

यस समारोहमा सीताको अभिभावकको भूमिकामा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास र रामको अभिभावकको रूपमा राम मन्दिरका महन्थ राम गिरीको सहभागिता भव्य समारोहबीच हुन्छ । तिलकोत्सव कार्यक्रमका लागि जानकी मन्दिरबाट राम मन्दिरमा थरीथरीका मिठाई, फलफूल र कोसेलीहरू (भार) पठाउने चलन छ । तिलकोत्सव कार्यक्रममै सम्धी भेटघाट हुने गर्छ । यो कार्यक्रमलाई स्थानीय युवा क्लबहरूले विशेष रूपमा आयोजन गरी भव्य बनाउने गर्छन् ।

महोत्सवको पाँचौं दिन मटकोर : पवित्र गंगासागर पोखरीबाट माटो खनेर ल्याएपछि सोही माटोले विवाहको मडवा ( मण्डप) लिप्ने विधिलाई मटकोर भनिन्छ । मटकोर कार्यक्रम गर्न जानकी मन्दिरबाट सीताको सवारी निस्केपछि त्यसलाई लाखौं श्रद्धालुहरूले गीत गाउँदै र नृत्य गर्दै आशीर्वाद दिने गर्छन् ।

महोत्सवको छैटौं : जानकी मन्दिरबाट निस्कने माता सीताको डोली र राममन्दिरबाट निस्कने भगवान् रामको डोली ऐतिहासिक बाऱ्ह बिघा मैदानमा परिक्रमा गराएर लाखौं श्रद्धालुहरू र अयोध्याबाट आएका साधुसन्तको जन्तीको अगाडि स्वयम्बर गराइन्छ । स्वयम्बरपश्चात् डोलीहरू मन्दिर फर्किन्छन् र साँझबाट जानकी मन्दिरको परिसरमा बनाइएको भव्य मडवामा वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ ।

महोत्सवको सातौ अर्थात अन्तिम दिन : रामकलेवामा अयोध्याबाट विवाहमा सहभागी हुन आएका साधुसन्तहरू र सहभागी सबै श्रद्धालुहरूलाई जानकी मन्दिरको तर्फबाट भोजको आयोजना गरिन्छ । भोजपछि साधुसन्तलाई कोसेली दिँदै बिदाइ गरी विवाहपञ्चमी सम्पन्न हुन्छ ।

जनकपुरधामको इतिहास

विवाह पञ्चमीको सुरुआत कहिलेदेखि भयो भने यकिन साथ भन्न नसकिएपनि आधुनिक जनकपुरधामको निर्माणसँगै रामनवमी तथा विवाह पञ्चमी जस्ता मेला, उत्सवहरूको सुरुवात भएको जनविश्वास रहेको छ ।

भनिन्छ, सत्रौं शताब्दीको अन्त्यसम्म मिथिला वा जनकपुर गुमनाम नै थियो । 'द हिस्ट्री अफ जनकपुरधाम' किताबमा मानव शास्त्री रिचर्ड बरघर्टले यस बिचको समयलाई जनकपुर हराएको समय अर्थात् जनकपुरको 'अन्धकार युग' भनेर उल्लेख गरेका छन् ।

सन् १९७० भन्दा करिब तीन सय वर्षअगाडिको जनकपुरको इतिहासबारे उनले चर्चा गरेका छन् । सोह्रौं-सत्रौं शताब्दीतिर गङ्गा किनारमा रामको पूजा र भक्ति चारैतिर फैलिएको थियो । त्यही बेला रामानन्दीसाधुहरू त्रेतायुगको मिथिला सहर कहाँ छ भनेर खोज्दै हिँडेका थिए ।

भारतको बद्रीनाथबाट चतुर्भुज गिरी नामका साधु मिथिला खोज्दै अहिलेको जनकपुर आइपुगे । सपनामा उनले भगवान् रामलाई देखे । रामले भने, "तिमी जुन रूखमुनि सुतेका छौ, त्यही ठाउँमा पुरानो जनकपुर छ, जुन विदेहहरूको राजधानी थियो ।" यतिबेलै अर्का साधु सुरकिशोर दास पनि उत्तरी मिथिला आइपुगे ।

चतुर्भुज दसनामी सम्प्रदायका थिए भने सुरकिशोर रामानन्दी सम्प्रदायका । उनि पश्चिम भारतको लोहागढ शिखरमा बस्थे । जनकपुरको खोजीमा हिँडेका उनी एकदिन नीमको रुखमा आराम गरिरहेका बेला सीताको मूर्ति त्यहीँ ठाउँमा देखे । सीताको जुन जन्मभूमिको खोजीमा निस्केका उनी यहीँ ठाउँ नै सीताको जनकपुर हो भने सम्झे ।

जानकी मन्दिर स्थापित गर्ने श्रेय भने सत्रौं शताब्दीका सन्त सुरकिशोर दासलाई दिइने गरिन्छ । भारतको टिकमगढ राज्यकी रानी वृषभानु कुँवरले १९१० सालमा नौलक्खा मन्दिर बनाएकी थिइन् । मुगल शैलीको यो मन्दिर बनाउन ९ लाख खर्च लागेको थियो ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ॥

# लागुऔषध सहित चार जिल्लाबाट १० पक्राउ

विराटनगर , मोरङ, सुनसरी, झापा र इलामका विभिन्न स्थानहरुबाट लागुऔषध सहित १० जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

मंसिर १२ गते मोरङको लेटाङ-५ स्थितमा इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा ना ३ प २६८७ नम्बरको मोटरसाईकल चालक सोहि स्थानका प्रविन राई र मोटरसाईकल पछाडी सवार उर्लाबारी-२ का सन्दिप धिमाललाई पक्राउ गरेको थियो ।

उनीहरुको साथबाट २ ग्राम ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी बिराटनगर-१६ बाट इलाका प्रहरी कार्यालय रानीले को. १७ प ४३८४ नम्बरको मोटरसाईकल चालक तेह्रथुम ओयाक्जुङ गाउँपालिका-३ का संजिव ढकाल र मोटरसाईकल पछाडी सवार भारतीय नागरिक अब्दुल इकरामलाई ०.५० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

सुनसरीको इटहरी-१ बाट प्रहरी चौकी तरहराले सोहि स्थानका पुनम राईलाई ३ किलो २ सय ग्राम गाँजा सहित उनकै घरबाट नियन्त्रणमा लिएको थियो ।

मंसिर ११ गते इलामको इलाम नगरपालिका-७ स्थितमा लागू औषध बिक्रि बितरण भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय इलाम र लागू औषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले ८ ग्राम ०७० मिलिग्राम ब्राउन सुगर सहित सोहि स्थानका छिरिङ दोर्जे लामा, इलाम-६ का केशब दाहाल, मौसम राई र इलाम- ५ का सौरभ लुङ्गेली मगरलाई पक्राउ गरेको थियो ।

चेकजाँचकै क्रममा मोरङको इलाका प्रहरी कार्यालय पथरीले पथरी शनिश्चरे-४ का तुलाराम देवानलाई प्रतिबन्धित औषधी ट्रामोल २ सय क्याप्सुल, डाईजी २०४ ट्याब्लेट र हेल्थी लाईफ ५२ ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान सम्वन्धित प्रहरी कार्यालयवाट भइ रहको प्रहरीले जनाएको छ ।

# अपराध अनुसन्धान शाखाको निरीक्षण तथा अनुगमण

विराटनगर । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, नक्सालका प्रहरी बरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी सहितको निरीक्षण टोलीले कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको अपराध अनुसन्धान शाखाको अनुगमन तथा निरीक्षण गरेका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालय,अपराध अनुसन्धान विभागद्वारा चौथो अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना अन्तरगत फौजदारी कसुरको अनुसन्धान गर्ने प्रहरी कार्यालयहरुको अनुगमन तथा निरीक्षण मापदण्ड २०८१ बमोजिम भएको निरीक्षण तथा अनुगमनको क्रममा अपराध अनुसन्धान शाखामा भएको अभिलेख व्यवस्थापन, पेण्डिङ मुद्दाको अवस्था, हिराषत व्यवस्थापन, अपराधका घटनाहरुको अभिलेख, अपराध न्यूनीकरणको लागी गरिएका सचेतनामुलक कार्यक्रमहरु लगायत अपराध अनुसन्धानका अभिलेखहरुको निरीक्षण गर्नु भएको थियो । निरीक्षणको क्रममा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी उपरीक्षक सुमन कुमार तिम्सिनाले प्रदेशको अपराध अनुसन्धानको विश्लेषणात्मक तथ्याङक प्रस्तुत गरेको थियो ।

निरीक्षण पश्चात कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशनको क्रममा प्रहरी बरिष्ठ उपरीक्षक मुकुन्द मरासिनीले प्रहरीले गर्ने अनुसन्धानलाई अझ प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाई कानून कार्यान्वयन तथा अपराध नियन्त्रणमा नेपाल प्रहरीको गरिमालाई सदैव उच्च बनाउने कार्यमा लगी पर्न निर्देशन दिनु भएको थियो ।

निरीक्षण अनुगमन तथा निर्देशनको क्रममा प्रहरी वरिष्ठ उपरीक्षक दिपक पोखरेल सहित प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो । निरीक्षण अनुगमन टोलीले नेपाल प्रहरी प्रदेश कार्यालय धरान, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर तथा अन्तरगतका जिल्ला प्रहरी कार्यालय मोरङ, सुनसरी, झापा, पाँचथर, ताप्लेजुङ, धनकुटा, इलाका प्रहरी कार्यालय अनारमनी, धरान र रानीको अनुगमन तथा निरीक्षण गर्नु भएको थियो ।



# संकट देश : आर्थिक अस्थिरता र सुधारको चुनौती



रमेश कुमार बोहोरा

देश अहिले यथार्थमै एउटा गम्भीर संक्रमणको चरणमा छ । यस अवस्थालाई बुझ्न सतही दृष्टि पर्याप्त हुँदैन गहिरो विश्लेषण तथ्य र प्रमाण आवश्यक छन् । २०८२ साल भदौ २३ र २४ गते देशभर भड्किएको जेनजी आन्दोलनले केवल तत्कालको असन्तुष्टि मात्र देखाएन दशकौँदेखि थिचिँदै आएका संरचनागत समस्या, अव्यवस्था, भ्रष्टाचार, नेतृत्वहीनता र कमजोर शासन प्रणालीको वास्तविक अनुहार बाहिर ल्याइदियो । देख्दा यो युवा पुस्ताको आकस्मिक क्रोध जस्तो लागे पनि यसको मूल कारण राज्यका दीर्घकालीन असफलता र जनतामा जम्मा हुँदै गएको भारी निराशा नै हो ।

सबैभन्दा चिन्ताजनक कुरा यति ठूलो अस्थिरता र क्षतिपछि पनि कसैले जिम्मा लिन चाहेन । संविधान कागजमा छ तर व्यवहारमा 'कोमा'मा परेजस्तो देखिन्छ । सुरक्षा निकायहरू भ्रममा परे, सरकार मौन रह्यो, निर्णयहरू ढिलो भए र जनताले पाएका जवाफहरू खाली र असन्तोषजनक रहे । केही दिनको शान्ति देखिए पनि वास्तविक संकट सकिएको छैन । करिब पाँच हजार कैदी जेलबाट भागेपछि तिनको अवस्थाबारे स्पष्ट तथ्य छैन । जुन राज्य संयन्त्र कति कमजोर बनेको छ भन्ने गम्भीर संकेत हो । तिहारमा देखिनुपर्ने सुरक्षा सतर्कता पनि कमजोर रह्यो धेरै स्थानमा खुलेआम तोडफोड र आपराधिक गतिविधि बढे तर सरकार हेरेको हेरीकै भयो ।

युवा पुस्ताको मनोविज्ञान पनि अस्थिर देखिन्छ । सामाजिक सञ्जालको छिटो प्रतिक्रियालाई नै वास्तविकता ठान्ने प्रवृत्ति बढेको छ । क्लिक र ट्रेन्डलाई नै समाधान ठानिँदा तथ्य प्रक्रिया र दीर्घकालीन सोच कमजोर बन्दै गएका छन् । यसले नेतृत्वप्रति विश्वास, निर्णय प्रणालीको विश्वसनीयता र सामाजिक अनुशासन दुवैलाई असर गरेको छ ।

आर्थिक सूचकहरू पनि चिन्ताजनक छन् । राष्ट्र बैंकका पछिल्ला तथ्याङ्कअनुसार उपभोक्ता मुद्रास्फीति १.८७ प्रतिशत छ । जुन सतहमा राम्रो जस्तो देखिए पनि संरचना भित्री रूपमा कमजोर छ । कुल आयात १६.२ प्रतिशतले बढेको छ जसले उपभोगमा बढ्दो निर्भरशीलता झल्काउँछ । आयातको ३६.८ प्रतिशत अन्तिम उपभोग्य वस्तु ५४.३ प्रतिशत मध्यवर्ती वस्तु ८.९ प्रतिशत पुँजीगत वस्तु हुनु अर्थतन्त्र स्वदेशी उत्पादन भन्दाआयातमै टेकिएको प्रमाण हो ।

विप्रेषण ३३.१ प्रतिशतले बढेर ३५२ अर्ब ८ करोड पुगेको छ । यो प्रवाह अब 'सहारा'भन्दा 'लत'जस्तै बन्न थालेको छ किनकि आन्तरिक रोजगारी र उत्पादन कमजोर भएको अवस्थामा विदेशमा पसिना बगाउने युवाको श्रममै देश टिकेको छ । सरकारको कुल खर्च १८० अर्ब १७ करोड पुगेछ तर विभिन्न खातामा २५५ अर्ब ६१ करोड निष्क्रिय मौज्दात बसिरहेको छ । जसले बजेट कार्यान्वयनको गम्भीर असक्षमता उजागर गर्छ । प्रशासन काम गर्न डराउने, नेतृत्व जिम्मेवारी नलिने र प्रक्रिया अत्यधिक जटिल हुने कमजोरीले विकासलाई पछाडि धकेलेको छ ।

धितोपत्र बजार पुँजीकरण ४४६७ अर्ब ३० करोड पुगे पनि त्यसको लाभ वास्तविक अर्थतन्त्रले पाएको छैन लाभ सीमित वर्गमै सीमित छ । जेनजी आन्दोलनका क्रममा ६२९ भवन पूर्ण रूपमा नष्ट र १५६० भन्दा बढी भवन आंशिक रूपमा क्षतिग्रस्त भए । करिब २ खर्बभन्दा बढी आर्थिक नोक्सानीको अनुमानले देशको आर्थिक अवस्थालाई झनै दयनीय बनाएको छ । विश्व बैंकले चालु आर्थिक वर्षको वृद्धि २.१ प्रतिशत मात्रै हुने प्रक्षेपण गरेको छ जुन लक्ष्यको करिब आधा हो ।

यतिबेला जनताले 'घोटाला को खेती' चलेको आरोप लगाउनु केवल भावनात्मक प्रतिक्रिया होइन तथ्यहरूले पनि त्यही पुष्टि गर्छन् । तथ्याङ्क हेरफेर, लक्ष्य पूरा नहुने परम्परा, अनुगमनविहीन परियोजना, खर्च नहुने बजेट यी सबैले राज्यको विश्वासनीयता गम्भीर रूपमा घटाएका छन् । पुँजीगत खर्चलाई विकासको आधार मानिन्छ तर हामीले वर्षभर छुट्याएको रकम नै फर्काएर पठाउने परम्परा बसालिसकेका छौँ ।

समस्या केवल राज्यमै सीमित छैन । नागरिकको मौन सहमति, गलतलाई सही ठान्ने संस्कार, जात, नाता वा विचारका कारण भ्रष्टाचारको बचाउ गर्ने बानीले समस्यालाई अझै गहिरो बनाएको छ । सामाजिक सञ्जालले क्षणिक नाटक सिर्जना गर्छ तर वास्तविक समाधान त्यहाँबाट आउने छैन ।

आन्दोलनले परिवर्तनको आशा ल्याए पनि पछिल्ला वर्षमा ती आन्दोलन संरचनागत सुधारमा परिणत हुन सकेका छैनन् । नेतृत्वको कमजोरी, दलगत स्वार्थ, नातावाद-कृपावाद र प्रशासनिक अक्षमताका कारण परिवर्तन कागजमै सीमित रह्यो अब त सामाजिक सञ्जालको केही सेकेन्डको भिडिओले मान्छेलाई 'भगवान्' र 'राक्षस' दुवै बनाइदिने अवस्था छ । तर सत्य र अध्ययनमा आधारित मूल्यांकन हराउँदै गएको छ ।

चुनावले मात्र समस्या समाधान हुँदैन भन्ने यथार्थ फेरि प्रस्ट भएको छ । नीति निरन्तरता, सक्षम प्रशासन, पारदर्शिता, दीर्घकालीन योजना र कानूनको समान कार्यान्वयन बिना नेतृत्व फेरिए पनि परिणाम उस्तै रहन्छन् । सकारात्मक संकेतहरू ऊर्जा निर्यातको सम्भावना, कृषि आधुनिकीकरणको छलफल, प्रविधिमा युवाको वृद्धि, कूटनीतिक सक्रियता यी छन् तर राजनीतिक स्थिरता नभएसम्म ती सम्भावना व्यवहारमा बदलिन सक्दैनन् ।

राजनीतिक दलबीचको अविश्वास, पद बदल्ने खेल, निर्णयमा ढिलाइ, योजनाको निरन्तरता भङ्ग हुने बानीले सुधारका संकेतहरू अस्थायी बनाइदिएका छन् । शासन प्रणाली सक्षम नबनेसम्म, प्रशासन चुस्त नबनेसम्म, भ्रष्टाचार नियंत्रण नहुँदासम्म र युवाले स्वदेशमै भविष्य देख्न नसक्दासम्म कुनै पनि सुधार दीर्घकालीन बन्नेछैन ।

अब आवश्यक छ आवेग होइन व्यवहारिक राजनीति युवाको आवाजलाई प्राथमिकता दिनुपर्छ तर त्यो आवाज ठोस नीतिगत कार्ययोजनामा परिणत हुनुपर्छ । मनपरीतन्त्र अन्त्य गर्दै सबै नागरिकले समान अवसर पाउने वातावरण निर्माण गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण, सूचना प्रणाली मजबुत बनाउने, विधि विधान सरल गर्ने, नतिजामुखी सरकारी संरचना बनाउने, राजस्व सुधार गर्ने, पुँजीगत खर्च समयमै कार्यान्वयन गराउने र राष्ट्रिय प्राथमिकतामा एकमत कायम गर्ने काम तत्काल सुरु हुनैपर्छ ।

देश संक्रमणमै छ तर यही अवस्थाले भविष्य निर्माण गर्ने अवसर पनि बोकेको छ । चुनौती ठूलो छ तर समाधान असम्भव छैन । अहिलेको माग उत्तेजना होइन संयमित योजना हो, आवेग होइन गहिरो अध्ययन हो, आरोप होइन साझा जिम्मेवारी हो, देखिएका सुधारका संकेतलाई कार्यान्वयनमा बदल्ने राजनीतिक इच्छाशक्ति, सक्षम प्रशासन र जनसहभागिता भए मात्र देश अहिलेको संकट पार गरेर स्थिर, समृद्ध र न्यायसम्पन्न भविष्यतर्फ अघि बढ्न सक्छ ।

(लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# गुलाब पौधाको ठंडी मौसममें कसै करे देखभाल



सर्दियों में गुलाब के पौधों में भरपूर फूल पाने के लिए कुछ खास देखभाल करना बहुत जरूरी होता है । गुलाब एक ऐसा पौधा है जो ठंडी मौसम में सबसे ज्यादा खिलता है, लेकिन सही पोषण, धूप और छंटाई न मिलने पर यह सिर्फ पत्तियाँ ही देता है ।

- धूप सबसे अहम है :-

गुलाब को ठंड के मौसम में भरपूर धूप चाहिए । अगर आपके गुलाब गमले में हैं, तो उन्हें ऐसी जगह रखें जहाँ कम से कम ५-७ घंटे धूप मिले। अगर धूप कम मिलेगी तो पौधा पत्तियाँ तो देगा, लेकिन फूल नहीं खिलेंगे ।

- मिट्टी का सही मिश्रण :-

गुलाब को हल्की, भुरभुरी और पोषक मिट्टी पसंद है। इसके लिए ५०% बगीचे की मिट्टी, ३०% गोबर की खाद या वर्मी कम्पोस्ट और २०% रेत मिलाएँ। इसमें १ मुट्ठी नीम खली या बोनमील डालने से जड़ों को मजबूती और फूल आने में मदद मिलती है ।

- खाद डालने का समय और तरीका :-

गुलाब में हर २०-२५ दिन में एक बार ऑर्गेनिक खाद डालना जरूरी है । जब कलियाँ बनना शुरू हों, तब पौधे को फॉस्फोरस और पोटाश की जरूरत होती है । इसके लिए आप १ लीटर पानी में १ चम्मच म्ब्ए या ००:५२:३४ घोलकर १५-२० दिन में एक बार दें। इससे फूल बड़े और रंग गहरे आते हैं । साथ ही महीने में एक बार सीवीड लिक्विड या ह्यूमिक एसिड का उपयोग करें-इससे जड़ों की ग्रोथ बढ़ती है ।

- नियमित छंटाई करें :-

छंटाई (एचगलष्लन) गुलाब में नई शाखाएँ और फूल आने का सबसे बड़ा कारण है । नवंबर की शुरुआत में पौधे की सूखी, पुरानी और अंदर की ओर बढ़ती टहनियाँ काट दें। इससे पौधे में नई ऊर्जा आती है और सर्दियों में भरपूर कलियाँ निकलती हैं ।

- पानी का सही तरीका :-

सर्दियों में मिट्टी ज्यादा देर तक गीली रहती है, इसलिए पानी देने से पहले मिट्टी की ऊपरी परत जांच लें । अगर मिट्टी सूखी लगे, तभी पानी दें । जरूरत से ज्यादा पानी देने से जड़ें सड़ सकती हैं और पौधा कमजोर हो जाता है ।

- कीट नियंत्रण :-

सर्दियों में गुलाब पर एफिड्स (हरे कीड़े), माइट्स और पाउडरी मिल्ड्यू का हमला आम होता है । १ लीटर पानी में ५ml नीम ऑयल मिलाकर हर १० दिन में स्प्रे करें। अगर कीट ज्यादा हैं, तो शाम के समय छिड़काव करें ।

- फूलों की संख्या बढ़ाने का उपाय :-

जब फूल मुरझा जाएं, तो उन्हें तुरंत काट दें । इससे पौधा नई कलियाँ बनाने में अपनी ऊर्जा लगाता है । हर २-३ हफ्ते में हल्का-सा मिट्टी को ऊपर से ढीला करें, ताकि हवा और पोषक तत्व जड़ों तक आसानी से पहुँच सकें ।

थोड़ी नियमित देखभाल, सही धूप और संतुलित खाद के साथ आपका गुलाब का पौधा पूरी सर्दियों में लगातार फूल देता रहेगा। गुलाब न सिर्फ बगीचे की शोभा बढ़ाता है, बल्कि उसकी महक से पूरा वातावरण खुशनुमा हो जाता है ।




**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# चौधरी ग्रुपद्धारा बर्थिङ सेन्टरका लागि आवश्यक उपकरणहरू प्रदान




विराटनगर। चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले सुनसरी जिल्लाको गढी गाउँपालिका-२ सत्तेरझोरमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टरका लागि अवश्यक उपकरणहरु प्रदान गरेकोछ।

प्रबन्ध निर्देशक चौधरीले स्थानीयहरूलाई स्वास्थ्य उपचारमा सहज पहुच होस भनी उदेश्यले चौधरी फाउण्डेशन मार्फत बर्थिङ सेन्टरका लागि अवश्यक उपकरणहरु प्रदान गरेको हो।

चौधरी फाउन्डेसनले सुनसरीको गढी गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका लागि आउने महिला र नवजात शिशुहरूका लागि सुरक्षित, सजिलो र गुणस्तरीय मातृ स्वास्थ्य सेवाहरूमा पहुँच अभिवृद्धि गर्ने उदेश्यले फाउण्डेशन मार्फत सहयोग गरेको प्रबन्ध निर्देशक चौधरीले वताए। उहाँले आउँदा दिनहरुमा अझै सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए।

फाउन्डेसनले स्वास्थ्य चौकीलाई सेवा प्रवाहमा सुधार गर्न र बर्थिङ सेन्टरलाई स्तरोन्नति, आधुनिक र गुणस्तरीय सुविधासहित सञ्चालन गर्न चाहिने सबै उपकरण सहयोग गरेका छन्। फाउन्डेसनले स्थानीय आवश्यकताका

आधारमा सातवटै प्रदेशमा बर्थिङ सेन्टरहरूलाई सहयोग र स्तरोन्नति गर्दै आएको छ।

सुरक्षित मातृत्व र स्वस्थ समुदायको सुनिश्चितताका लागि आगामी दिनहरूमा पनि आफ्ना प्रयासहरूलाई विस्तार गर्दै लैजाने निर्देशक चौधरीले वताए। सुनसरी जिल्लाको औरावनीमा रहेको श्री सरस्वती माध्यामिक विद्यालयमा पनि इलेक्ट्रीकका सामग्रीहरु प्रदान गरेको थियो। यता चौधरी फाउन्डेसनले गरेको सहयोग निकै प्रभावकारी रहेको गढी गाउँ पालिकाका अधयक्ष आश नारायाण चौधरीले भन्दै फाउन्डेसनलाई धन्यवाद दिएका थिए।

# अग्रपङ्तिमा रहेर प्रहरी सेवा प्रदान गर्न निर्देशन

विराटनगर। कोशी प्रदेश प्रहरी प्रमुखको रूपमा प्रहरी नायव महानिरीक्षक बिनोद घिमिरे कार्यालयमा हाजिर हुनु भई कार्यालयको पदभार ग्रहण गर्नु हुँदै अग्रपङ्तिमा रहेर सेवा प्रदान गर्न निर्देशन दिएका छन्।

तालुक नेपाल सरकार गृह मन्त्रालयको मंसिर ८ गतेको निर्णय अनुसार कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरमा सरुवा भई हाजिर हुनु भएका प्रहरी नायव महानिरीक्षक घिमिरेले मंसिर ११ गते कार्यभार सम्हाल्नु भएको थियो।

प्रहरी कर्मचारीहरूका साथै भर्चुअल माध्यद्वारा उपस्थित जिल्ला प्रहरी प्रमुखहरू लगायत मुद्धा चल्ने इकाईहरुका प्रमुख हरुलाई जस्तो सुकै विषम परिस्थितिमा समेत अग्र पङ्क्तिमा रहेर उच्च मनोबलका साथ समाजमा अपराध नियन्त्रण गरी शान्ती सुरक्षा प्रदान गर्न निर्देशन दिनु भएको छ।

७० वर्षको लामो इतिहास बोकेको प्रहरी सङ्गठन बिभिन्न प्रकारका आरोह अवरोहको सामना गर्दै कानून कार्यान्वयन गरी देश र जनताको सेवामा समर्पित रहदै आएको छ। राज्यको उपस्थिति नै प्रहरी हो, प्रहरी विनाको समाज अकल्पनिय हुन्छ त्यसैले समय परिस्थिति अनुसार आफूमा बदलाव ल्याई सामूहिक भावना, भातृत्व, सहकार्य, समन्वयका साथ प्रविधिको उच्चतम् प्रयोग गर्दै सङ्गठनको गरिमा सदैव उच्च राखी प्रहरी सेवा प्रदान गर्न निर्देशन दिनु भएको छ।



वहाँलाई प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोबिन्द अधिकारी, प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक दिपक पोखरेल, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी, कोशी प्रदेश प्रहरी गण रानी, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रमुख सहित प्रहरी अधिकृतहरुले स्वागत गर्नु भएको थियो।

पदभार ग्रहण पश्चात् कार्यालयको सभाहलमा उपस्थित प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरूका साथै ... 

साथै वहाँले राम्रो काम गर्ने प्रहरी कर्मचारीलाई तत्काल पुरस्कृत गर्न र कानून बिपरित काम गर्नेलाई तत्काल कारवाही गर्न समेत निर्देशन दिनु भएको छ।

## नेता नेता...

जान्दैन, दुरूपयोग गर्छ, स्वार्थी बन्छ, भ्रष्ट हुन्छ, अक्षम हुन्छ भने त्यो अवस्थामा सार्वभौम नेपालीले सर्तसहित सारेको अधिकार फिर्ता लिएर पुनः इजाजत दिन निर्वाचनमा पठाउने कार्य नै संसदीय व्यवस्थाको गुण र विशेषता हो।

तीन वर्ष अगाडि पाँच वर्षका लागि भनेर नेपाली जनताले सांसदहरूलाई आफ्नो सार्वभौमसत्ता सारे पनि उनीहरू असफल र असक्षम प्रमाणित भएको छ। अब जनताको म्यान्डेट पुनः नवीकरण गर्ने बाटो चुनाव हो।

जनेजी आन्दोलनले 'हाम्रो सार्वभौमसत्ता हामी फिर्ता लिन्छौं, तपाईंहरू चुनावमा गएर पुनः म्यानडेट लिएर आउनुहोस्' भनेको हो। त्यसैले चुनावको विरोध गर्न हुँदैन। अब पनि 'संसद पुनर्स्थापना गर्नुपर्‍यो, हामी नै प्रधानमन्त्री बन्नुपर्‍यो' भन्ने दिवास्वप्न कुनै दल र नेताले देख्छ भने त्यसले संसदीय व्यवस्था बुझ्दैन भन्ने ठानिन्छ।

भ्रष्टाचार विरोधी, सुशासनका पक्षधर आम नेपालीले 'चुनाव गराएरै छाड्छौं' भन्ने इच्छाशक्ति देखाउने बेला यही हो।

केही नेताहरू प्रत्यक्ष निर्वाचित कार्यकारी चाहियो पनि भनिरहेका छन्। त्यो भनाइ अनुचित नहोला तर ती कुरा चुनावपछि गर्ने हो। आज सम्बोधन गर्नुपर्ने त्योभन्दा महत्वपूर्ण विषय चुनाव नै हो।

२०४६ सालको संविधानले देश पूर्ण प्रजातान्त्रिक भएपछि देश बेलायती पारामा चल्ला, अक्षमताको अलिकति चर्चा हुने बित्तिकै नेताले पद वा राजनीति छाड्लान्, भ्रष्टाचार नगर्लान्, स्वार्थका लागि संसद विघटन नगर्लान् भन्ने सोच भयो। यही कारण एक व्यक्ति कति पटक प्रधानमन्त्री हुन पाउने भन्नेबारे केही व्यवस्था गरिएन। २०७२ सालको संविधानले पनि यसमा ध्यान दिएन।

त्यसैले आजको मुख्य समस्या भयो-एक पटक प्रधानमन्त्री भएपछि पदको मोहमा फसेर त्यसमा टिकिरहन सक्दो जे पनि गर्ने! जति पटक मिले वा पाएसम्म प्रधानमन्त्री हुने ! आजीवन प्रधानमन्त्री बन्ने चाहना !

यो समस्या समाधानका लागि दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने नियम बनाउनुपर्छ।

आगामी चुनावमा अहिलेकै बाजे पुस्ताका नेता निर्वाचित भए भने देशलाई कुनै फाइदा हुने छैन। अर्को ५ वर्षमा देश थप ध्वस्त हुनेछ। अराजकता, गरिबी, भ्रष्टाचार नियमित र खुल्लमखुला हुनेछ। बेरोजगारी, बेथिति बढ्नेछ, थप युवाहरू विदेशिने छन्। यहाँ भएका युवा पनि सडकमा ओर्लिनेछन्। समाजमा रक्तपात हुनेछ।

त्यसैले सुधार गर्ने मौका यही हो।

अहिलेको अन्तरिम सरकारले अध्यादेश जारी गरेर यो प्रवृत्तिमा रोक लगाउन सक्छ। प्रधानमन्त्री कति पटक बन्न मिल्ने, शैक्षिक योग्यता के हो, शारीरिक, मानसिक र मनोवैज्ञानिक अवस्थाको जाँच गर्ने, सम्पत्ति उदघोष गर्ने व्यवस्थाका लागि अध्यादेश जारी गर्न सक्छ र गर्नुपर्छ।

यस्तो कुरा संविधानमा मात्र राख्न सकिन्छ भनेर सरकार भ्रममा पर्नुपर्दैन। ऐनबाटै गर्न सकिन्छ।

अमेरिकामा संविधानको २२ औं संशोधन अघिसम्म कति पटक राष्ट्रपति बन्न पाउने भन्ने थिएन। जति पटक पनि बन्न पाइन्थ्यो। पछि सांसदहरूले अमेरिका गणतान्त्रिक भएकाले चुनाव जितेकै आधारमा पटक पटक एउटै व्यक्ति राष्ट्रपति हुने हो भने राजतन्त्र र गणतन्त्रमा के फरक भयो भनेर प्रश्न उठाउन थाले। अनि सन् १९५१ मा कुनै व्यक्ति जम्मा दुई पटक मात्र राष्ट्रपति बन्न पाउने (एक कार्यकाल चार वर्ष) व्यवस्था गरेका हुन्।

प्रजातन्त्रमा संविधानले 'हुँदैन' भनेको कुरा ऐनले 'हुन्छ' भन्न सक्दैन। तर हाम्रो संविधानले कुनै व्यक्ति कति पटक प्रधानमन्त्री हुन पाउने भन्ने कतै तोकेको छैन। तोकेको भए ऐनमा 'पटक' राख्न सकिँदैन थियो। संविधानमा प्रधानमन्त्री बन्ने धारा ७६ हो। धारा ७६ मा प्रधानमन्त्रीको पटक मौन छ। धारा ७६ मौलिक हक पनि होइन, सरकार गठनको विधि हो।

संसदीय व्यवस्थामा प्रधानमन्त्री सरकार प्रमुख हुन्छ। प्रधानमन्त्री कति पटक बन्न पाउने भनेर नतोकिएको कारण प्रधानमन्त्री पदमा बस्नेहरू निष्ठावान, इमानदार, नैतिकवान, भिजन भएको र लोकप्रिय व्यक्ति हुन्छ भन्ने विश्वासले हो। एक पटक सांसद भएर प्रधानमन्त्री बनेपछि आफ्ना प्रतिज्ञाहरू पूरा गर्‍यो, भ्रष्टाचार गरेन, अर्थतन्त्र र विदेश नीति सुधार्‍यो, विकास गर्‍यो, जनताको जीवनस्तर उकास्यो, पछि हुने चुनावमा पहिलेभन्दा सुधारिएको घोषणा पत्र ल्यायो र त्यो मतदाताले रूचाए भने जति पटक पनि प्रधानमन्त्री बन्न पाउनु संसदीय व्यवस्थाको मूल्य र मान्यता हो।

त्यस्ता मूल्य र मान्यताका केही अलिखित परम्परा छन्। बेलायत, अस्ट्रेलिया, जापान लगायत देश जहाँ यस्तै संसदीय व्यवस्था छ, त्यहाँ प्रधानमन्त्रीले राम्रो काम गर्‍यो भने बारम्बार उम्मेदवार बन्न सक्छ। तर अक्षमता, भ्रष्टाचार देखियो, विवादित बन्यो भने उसले तुरून्त राजीनामा गर्छ र पुनः प्रधानमन्त्री बन्दैन।

हाम्रोमा भने यो अलिखित परम्परा पनि रहेन।

थेग्न नसकिने भइसक्दा पनि पद नछाड्ने संस्कार विकास भयो। त्यसैले अब यसको अन्त्य हुनैपर्छ। सरकारले अध्यादेश ल्याएर कुनै व्यक्ति दुई पटक मात्र प्रधानमन्त्री बन्न पाउने व्यवस्था गर्नैपर्छ।

अध्यादेशमा अरू तीन कुरा समावेश गर्नुपर्छ।

पहिलो, देशको नेतृत्व गर्ने नेताहरू शिक्षित हुनुपर्छ। संसारमा कतै यो व्यवस्था छैन भने पनि, नेपालले प्रधानमन्त्री बन्न कम्तीमा स्नातक पढेको हुनुपर्ने व्यवस्था गरौं।

दोस्रो, स्वस्थ व्यक्ति मात्र प्रधानमन्त्री बन्न पाउनुपर्छ। किनभने शारीरिक, मानसिक, मनोवैज्ञानिक सबै हिसाबले स्वस्थ व्यक्तिबाट शासित हुन पाउने हाम्रो राजनीतिक हक हो। अमेरिकी राष्ट्रपतिको पनि स्वास्थ्य जाँच गरिन्छ। त्यसैले हाम्रो प्रधानमन्त्री बन्ने व्यक्तिको कम्तीमा तीन सदस्यीय विशिष्ट विज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरौं।

तेस्रो, प्रधानमन्त्री बन्नुअघि नोटरी पब्लिकबाट सम्पत्ति प्रमाणीतको फेहरिस्त पेस गर्नुपर्ने व्यवस्था गरौं। प्रजातन्त्र भनेको आम चुनावबाट छानिएका व्यक्तिबाट शासन गरिने व्यवस्था हो। अबको निर्वाचन पुनः ताजा जनादेशका लागि हो।

पेरिसमा भएको इन्टरपार्लियामेन्टरी काउन्सिलको पेरिस घोषणा पत्रमा भनिएको छ– कुनै पनि राष्ट्रमा सरकारले शासन गर्ने वैधानिकताको अधिकार जनताको इच्छाबाट मात्र प्राप्त गर्छ। त्यस्तो अधिकार स्वतन्त्र र स्वच्छ निर्वाचनबाट मात्र प्राप्त हुन्छ।

त्यसैले, अब सबै दलले सरकारलाई सहयोग गरेर चुनाव सफल पार्नुपर्छ। तब मात्र नेपालका नेता नेता जस्ता हुन्छन् र राजनीतिक दल दल जस्ता हुन्छन।

सेतोपाटीबाट


खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर